नेपाल सरकार
स्वास्थ्य बीमा बोर्ड

पत्र संख्या : ०७९/०८०
चलानी नं.: ५०२

फोन नं. : ०१-४१००२२३
टोल फ्री : १६६००१११२२४
टेकु, काठमाडौं

मितिः २०७९।०९।१३

**विषयः**- दाबी गर्दा आवश्यक पर्ने कागजात तथा प्रक्रिया सम्वन्धमा ।

श्री सेवा प्रदायक स्वास्थ्य संस्थाहरु, सबै ।

उपरोक्त सम्वन्धमा सेवा प्रदायक स्वास्थ्य संस्थाहरुले बीमितहरुलाई सहज रुपमा सेवा प्रदान गरी रहनुका साथै सेवा प्रदान गर्दा आवश्यक पर्ने कागजातहरु संलग्न राखी दावी गरी रहनु भएकोमा यस बीमा वोर्डको तर्फबाट धन्यवाद दिन चाहन्छु । तथापि कतिपय सेवा प्रदायक स्वास्थ्य संस्थाहरुले बीमितलाई सेवा उपलब्ध गराउँदा बीमा व्यवस्थापन सूचना प्रणाली (IMIS) मा राखिएको मिति र वास्तविक अस्पतालमा बिरामी आएको (Prescription को मिति ) , बिरामी घर गएको ( Discharge मिति) फरक पर्न गएको हुनाले अस्पतालले मागेको दाबी अनुसारको सोधभर्ना गर्न कठिनाई भएको एवं बिरामी भर्ना भएको अवस्थामा कतिपय दाबीहरु रद्ध समेत गर्नुपरेको साथै केहि सेवा प्रदायक स्वास्थ्य संस्थाहरुले हालसम्म पनि आधिकारिक रकम नखुलेको बिल ( Zero billing ) गरिरहेको पाइएकोले दाबी परिक्षण र भुक्तानीमा समस्या आउने हुनाले आगामी दिनमा यस प्रकारको समस्या नदोहोरिने गरी दावी गरिदिन हुन अनुरोध छ । अन्यथा दावी अनुसारको भुक्तानी गर्न कठिनाई हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

पुनश्चः IPD मा बसेको बिरामीहरुको दाबी गर्दा API मार्फत नगरिदिन हुन अनुरोध छ ।

२०७९।०९।१३
शम्भु प्रसाद ज्ञवाली
बरिष्ठ जनस्वास्थ्य प्रशासक

**बोधार्थः**
१. श्री सबै प्रदेश शाखा कार्यालयहरु, स्वास्थ्य बीमा बोर्डः- माथि उल्लेख भए अनुसार अनिवार्य आवश्यक समन्वय गर्नुहुन ।
२. श्री सबै (७७) जिल्ला सम्पर्क शाखा कार्यालयहरु, स्वास्थ्य बीमा बोर्डः- माथि उल्लेख भए अनुसार अनिवार्य आवश्यक समन्वय गर्नुहुन ।